# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| खण्ड ४ | संख्या ३ | मिति २०७७।०६।१६ |
|---|---|---|

# भाग २

## विहादी गाउँपालिका
## गण्डकी प्रदेश, नेपाल

**संवत २०७७ सालको कार्यविधि संख्या ३**

**विहादी गाउँपालिकाको कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७७**

विहादी गाउँपालिका

# कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०७७

परम्परागत कृषि प्रणालीलाई विकसित र व्यवस्थीत गरी वैज्ञानिक प्रविधिको अवलम्बन गर्दै कृषि पेशालाई विविधिकरण, बजारिकरण व्यवसायीकरण मार्फत औद्योगिकिकरणको निमित्त कृषकहरुलाई नयाँ प्रविधि तर्फ आकर्षित र उत्प्रेरित गर्न, सो को अभ्यास गराउँदै यस्ता प्रविधिको अवलम्बन गर्ने गराउने उद्देश्य अनुरुप कृषि प्रविधिलाई सरल र सहजरुपमा कृषकमाझ पुर्याउन कृषकहरुको वैयक्तिक तथा संस्थागत विकासका लागि कृषक समूह गठन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३, दफा ११ को उपदफा २ (ण) (द) बमोजिम विहादी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विहादी गाउँपालिकाले कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०७७ तयार गरी लागु गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यो कार्यविधिको नाम **"कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०७७"** हुनेछ।

२. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पछि तुरुन्त लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१. **"समूह"** भन्नाले व्यवसायिक कृषि प्रणाली अवलम्बन गर्ने उद्देश्यको लागि गठन भएका १५ वा सो भन्दा बढी २५ जना सम्मको कृषकहरुको समूहलाई बुझाउनेछ।

२. **"गाउँपालिका"** भन्नाले विहादी गाउँपालिका, गाउँ कार्यपालकाको कार्यालय पर्वतलाई जनाउनेछ।

**३.** **"शाखा"** भन्नाले विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, विहादीको कृषि विकास शाखा र पशुपन्छी विकास शाखालाई जनाउनेछ।

**४.** **"अध्यक्ष"** भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समूहको अध्यक्षलाई जनाउनेछ।

**५.** **"उपाध्यक्ष"** भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समूको उपाध्यक्षलाई जनाउनेछ।

**६.** **"सचिव"** भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समूहको सचिवलाई जनाउने छ।

**७.** **"सदस्य"** भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समूहको सदस्यलाई जनाउनेछ।

**८.** **"सेवा केन्द्र"** भन्नाले विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालन हुने कृषि तथा पशु सेवा प्रसार कार्यको लागि कृषकहरुले सम्पर्क गर्ने फिल्ड स्तरमा रहेको कृषि वा पशुपन्छी शाखाको ईकाइ कार्यालयलाई बुझाउनेछ।

**९.** **"कार्यालय प्रमुख"** भन्नाले विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ।

विहादी गाउँपालिका

१०."**शाखा प्रमुख**" भन्नाले विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, विहादीको सम्बन्धित कृषि वा पशु सेवा शाखालाई बुझाउनेछ ।

११."**बैठक**" भन्नाले कृषक समुहको वस्ने बैठकलाई बुझाउनेछ ।

## परिच्छेद २

## कृषक समुह गठनको उद्देश्य:

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ ले तोके बमोजिमका विभिन्न कृषि सम्बन्धी कार्यहरुको सम्पादनका लागि कृषकहरुका माझ गरिने उन्नत कृषि प्रविधि प्रचार प्रसार कार्यलाई सहज तुल्याउन, कृषकहरुको कृषि सम्बन्धी निर्णय क्षमता र नेतृत्व विकास गर्ने,कृषक बचत मार्फत सामुदायिक बचत र सामुदायिक पूँजीको विकास लगायतका कार्यहरु मार्फत कृषिको व्यवसायिकरणका निमित्त सञ्चालन गरिने कृषि विकास कार्यक्रमहरुमा सेवा प्रवाहका लागि कृषक समूह सजिलो र दिगो माध्यम भएकोले स्थानीय स्तरमा कृषक समूह गठन गर्नु आवश्यक रहेको छ। यस निर्देशिका बमोजिम गठन हुने समूहको उद्देश्य तथा कार्यहरु निम्न अनुसार हुनेछन् :

१. समूह सदस्यहरुको बसोबास रहेको भौगोलिक गाउँ टोल क्षेत्रको जलवायु सुहाउदो पशुपालन तथा कृषि वालीनालीहरुमा ब्यवसायीकरण र विविधिकरणका नयाँ प्रविधि अपनाउदै उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने।

२. समुहमा उन्नत वीउ विजन तथा रासायनिक मल लगायत कृषि तथा पशुपन्छी उत्पादन सामग्रीहरुको व्यवस्थापन गर्ने।

३. खेतीयोग्य जमिनमा सिंचाइको व्यवस्थापन गर्ने ।

४. प्राङ्गारिक उत्पादनमा जोड दिने।

५. कृषि सामग्री तथा कृषि उपजहरुको बजारीकरणका कार्यहरु गर्ने।

६. कृषि उत्पादन प्रवर्द्धन, प्रशोधन र बजारीकरण एवं पशु प्रजननका कार्यहरु , पशु आहारा, पशु स्वास्थ्य र पशु तथा पशुपंछी  बजारीकरण एवं पशु सेवा प्रविधिको प्रसारका कार्यहरु गर्ने।

७. गोठ तथा भकारो सुधार गर्ने।

८. मौरी पालन तथा च्याउ खेती गर्ने।

९. बेमौसमी तथा मौसमी तरकारीहरुको उत्पादन र बजारीकरण गर्ने।

१०. नयाँ प्रविधिहरुको परीक्षण गर्ने।

११. सरकारी तथा गैरसरकारी एवं समुदायमा आधारित निकायहरुसँगको साझेदारी र सहकार्यमा कृषि विकास सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने।

१२. जैविक विविधताको संरक्षण,सम्बर्धन र विकास गर्ने।

१३. कृषि, वन, वातावरण संरक्षण सम्बर्धन र विकासका सबै कार्यक्रमहरु सञ्चालन गर्ने।

१४. मासिक बचत र परिचालन गर्ने।

१५. समूहले तोके बमोजिमका कृषि विकास सम्बन्धी अन्य विविध कार्यहरु गर्ने।

## परिच्छेद ३

## कृषक समूह गठन तथा समूह दर्ता

१. **समूहमा कृषक संख्या:** खेती योग्य जग्गाको एउटै ब्लक बनाउन सकिने गरी जग्गाको भोगचलनकर्ताहरु वा एकै उद्देश्यका लागि कृषि वा पशु पालन गरी आएका वा गर्ने १५ देखि २५ जना सम्मका कृषकहरु स्व:स्फूर्त रुपमा आफैँ वा कार्यालयको प्राविधिक कर्मचारीको सहयोगमा एक घरधुरी एक मात्र सदस्य रहने गरी कृषक समूह गठन गर्न सक्ने छन।

२. **कार्यालयबाट सहजिकरण:** उन्नत कृषि प्रणाली अपनाउनका लागि समूह गठन गरी कृषि प्रसार कार्यक्रममा सहभागी हुन कृषकहरुबाट अनुरोध भएमा सम्बन्धित प्राविधिकले कृषक समूह गठन तथा परिचालन कार्यमा सहजिकरण गर्नेछन।

३. **स्टेशनरी सहयोग :** समूह गठन गर्नका लागि कार्यालयले समूह बैठकका लागि रजिष्टर, कलम, फायलहरु गायत केही स्टेशनरी खर्चका लागि गाउँपालिकाको बजेट उपलब्ध भएसम्म सहयोग गर्न सक्नेछ।

४. **समूह दर्ताको लागि निबेदन दिनु पर्ने:** समूहबाट तयार गरिएको विधानको सबै पानामा समूहका सबै सदस्यहरुबाट प्रमाणित गरि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूचि १ बमोजिमको निबेदन दिनुपर्ने छ। यस अघि जिल्ला कृषि विकास कार्यलय वा अन्य कुनै संघसस्थाहरुमा दर्ता भएको समूहको हकमा पूराना प्रमाणपत्रहरु तथा प्रगति देखिने अन्य कागजातहरु समेत संलग्न राख्नु पर्ने छ।

५. **समूहको आफ्नो विधान र छाप हुनुपर्ने:** समूहको विधानको साथमा समूह बैठकको निर्णय, समूह दर्ताको लागि कार्यालयलाई लेखिएको पत्र र अनुसूचि २ बमोजिमको सदस्य कृषक समूहको विवरण संलग्न राख्नु पर्नेछ। समूहले आफ्नो विधान तयार गर्नका लागि मस्यौदा विधान कार्यालयबाट प्राप्त गर्न सक्ने छन। उक्त मस्यौदालाई आफ्नो भौगोलिकता र उद्देश्य अनुकुल परिमार्जन गर्न सक्नेछ। समूहको आफ्नै छाप हुनुपर्नेछ।

६. **सर्व सहमति र सहमति, समूह निर्णयको आधार:** समूह गठन गर्दा समूहमा रहने बिभिन्न पदाधिकारिहरु सर्ब सहमतबाट चयन हुने छन। कुनै किसिमले सर्बसहमत हुन नसकेमा प्रचलित ब्यवस्था बमोजिम निर्वाचनद्वारा सदस्यहरुबाट पदाधिकारिहरु चयन गरिने छन्। यसरी गरिने निर्वाचनमा समूहको अनुरोधमा वडा कार्यालयबाट सहजिकरण हुन सक्ने छ।

७. **समुह दर्ता गर्नुपर्ने:** उपरोक्त बमोजिम दर्ता हुन आएको निवेदन उपर कार्यलयले आवश्यक प्रकृया पुरा गरि समूह दर्ता गर्नु पर्छ भन्ने लागेमा समूह दर्ता गरि अनुसूची २ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र प्रदान गरिनेछ। समूह दर्ता गरि कृषक समूह दर्ता प्रमाणपत्र उपलब्ध गराईने छ। यसरि वडा कार्यालयबाट समूह दर्ताको सिफारिस गर्दा वा कार्यालयमा समूह दर्ता गर्दा लाग्ने दस्तुर/शुल्क प्रत्येक वर्ष राजश्व परामर्श समितिको सिफारिसमा गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

८. **समूह दर्ता प्रमाण पत्र:** कार्यालयको निर्णयअनुसार दर्ता गरिने समूहलाई समूह दर्ता प्रमाणपत्र दिईने छ। समूह दर्ता प्रमाण पत्र प्राप्त गरे पछि कार्यालयमा सो को अभिलेखीकरण भएको मानिनेछ। समूह दर्ता भएपछि यस्ता समूहसँग गाउँपालिकाबाट संचालन गरीने कृषि तथा पशुपन्छी बिकास कार्यक्रममा सहकार्य तथा सहभागी गराइने छ।

९. **नवीकरण**: समूह गठन र दर्ता उपरान्त प्रत्येक आर्थिक बर्षको असोज मसान्त भित्रमा समूह नविकरण गर्नुपर्ने छ। त्यसपछिको समयमा तोकिएको नविकरण दस्तुर जतिकै थप दस्तुर लाग्ने छ।

## परिच्छेद ४
## कृषक समूह परिचालन

१. **मासिक बैठक बस्नु पर्ने:** समूह गठन पश्चात कृषकहरु आफ्ना कृषि कार्यहरुका बारेमा छलफल गर्न नियमित रुपमा महिनामा एक पटक समूह बैठक अनिवार्य रुपमा बस्नु पर्नेछ। समूहको आवश्यकता अनुसार जुनसुकै बेला पनि समूहको बैठक बस्न सक्नेछ।

२. **समूह बचत र परिचालन:** बैठकको निर्णय अनुसार मासिक बैठकमा सदस्यहरुले मासिक बचत समेत जम्मा गर्ने छन्। समूह बचत कोष बाट कृषि परियोजनाको लागि विधानले तोकिए बमोजिमको ब्याजदर मा सदस्यहरुले ऋण लिन पाउने छन्।

३. **समूहको बैक खाता सञ्चालन:** नजिकको बैकमा समूहको खाता खोलिने छ जसमा कोषाध्यक्षको अनिवार्य सहित समूहको निर्णय अनुसार कम्तीमा अध्यक्ष, कोषाध्यक्ष र सचिव को संयुक्त दस्तखतमा खाता सञ्चालन हुनेछ।

४. **बाली पात्रो/कार्ययोजना तयार गर्ने:** समूहमा सदस्यहरुले प्राविधिकको सहयोगमा बालि पात्रो एवं पशुपालनका लागि आवधिक(मासिक /चौमासिक/वार्षिक) कार्ययोजना तयार गर्नेछन्। तयार भएको कार्ययोजना अनुसार समूह सदस्यले वालि तथा पशुपन्छी उत्पादन र बजारिकरणका कार्य योजनाहरु अवलम्वन गर्ने छन।

५. **समूहको निर्णय समूह पद्धतिमा गरिनु पर्ने:** समूहमा आईपर्ने प्राविधिक समस्याहरु सम्बन्धित प्राविधिकको सहयोगमा निर्माण गर्ने छन। समूहमा आईपर्ने अन्य समस्याहरु समूहको निर्णय अनुसार समाधान गर्नुपर्ने छ। सो हुन नसकेमा प्रचलित व्यवस्था अनुसार हुने छ। समूहको अनुरोधमा कार्यालयबाट सो को सहजिकरण गर्न सकिने छ।

६. **समूहको रेकर्ड:** समूहको एक फाईल कृषि शाखामा रहने छ। जसमा समूहको निर्णय बिभिन्न कार्यक्रमहरुमा सहभागी भएको रेकर्डहरु समूहको बैक खाताको स्टेटमेन्ट आदि रहनेछन। समूहले पनि आफ्ना कृयाकलापहरुको रेकर्ड अद्यावधिक गरि राख्नु पर्नेछ।

७. **खेती खर्च को विवरण राख्नु पर्ने:** समूहका प्रत्येक सदस्यले आफुले लगाएको बालि तथा पशुपालन कार्यको उत्पादन भण्डार,ढुवानी,बजारीकरण लगाएत सबै कार्यहरुको लागत खर्च र बिक्रिबाट भएको आम्दानिको अभिलेख राख्नु पर्नेछ र अध्ययन लगाएतका प्रयोजनका लागि गाउँपालिकाबाट माग भएको अवस्थामा उपलब्ध गराउनु पर्नेछ।

८. **प्रगति प्रतिवेदन र समीक्षा:** समूहले प्रत्येक मासिक बैठकमा गरिएका निर्णय हरुको कार्यान्वयन अवस्था , प्राप्त भएको उपलब्धि र प्रगतिहरु,परिआएका समस्या हरु समस्या समाधानका लागि गरिएका प्रयासहरु र सो को प्रतिफल, बालिनालिको अवस्था, बालिनालि लगाउदा भएको खर्च र बालि कटान उपरान्त बिक्री गरी भएको आम्दानि आदि कार्यहरुको चौमासिक समिक्षा गर्नुपर्ने छ।

९. **समूहमा मेलमिलाप हुनुपर्ने:** समूहका सदस्यहरुले आपसमा मेलमिलापको भावना कायम राख्नु पर्ने छ। यस समूहका बैठकहरुमा समूहका सदस्यहरुको निजी बैयक्तिक विषयहरु उपर छलफल गर्दा उपयुक्त हुन्छ भन्ने समूहलाई लागेका यस्ता विषयहरु उपर समेत छलफल गरि सामाजिक सदभाव, सहकार्य, साझेदारिता बृद्धिमा योगदान गर्न सक्नेछन।

१०. **व्यवसाय दर्ता गर्न सक्ने:** कृषि कार्यलाई व्यवसायमूलक रुपान्तरणका लागि समूह गठन गर्ने भएकोले समूहका सदस्यहरु मिलेर समूहगत रुपमा सञ्चालन गर्ने कृषि व्यवसाय गाउँपालिकामा दर्ता गर्नुपर्ने छ। कृषि व्यवसायको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

११. **कृषि उत्पादन सामाग्री तथा कृषि उपज सामाग्रिहरुको बजार ब्यवस्थापन:** समूहले कृषि उत्पादन सामाग्रिको व्यवस्थापनको लागि प्रचलित कानून बमोजिम अनुमति लिई बिउ विजन, प्राङ्गारिक मल, सिंचाईका सामाग्रीहरु, कृषि उपज सँग सम्बन्धित सामाग्रीहरुको व्यास्थापन र व्यापारिक कारोबार गर्न सक्ने छन। त्यसै गरि आफ्नो समूह भित्र वा बाहिरमा कृषकहरुले उत्पादन गरेका कृषि उपज सामाग्रीहरुको प्रशोधन र बजारिकरणका कार्यहरु समेत गर्न सक्ने छन।

१२. **गाउँपालिकाको कार्यक्रममा सरीक हुनुपर्ने:** कृषक समूहले गाउँपालिकाबाट सञ्चालन हुने कुनै पनी किसिमका कृषि वा गैर कृषि कार्यक्रमहरुलाई सफल पार्न यथासक्य सहयोग गर्नुपर्ने छ।

१३. **अन्तर समूह समन्वय समिति:** विभिन्न समूहबाट प्रतिनिधित्व गरि अन्तर समूह समन्वय समितिको गठन गर्न सकिनेछ। समुह पद्धतिलाई बिकसित गर्दै संस्थागत अभ्यास सुदृढ गर्नका लागि सबै समूहबाट १/१ प्रतिनिधिहरु रहने गरि वडागत रुपमा अन्तर समूह समन्वय समितिको गठन हुनेछ।

१४. **गाउँपालिका कृषक मूल समिति:** गाउँपालिकामा रहेका सबै कृषकहरुको संजाल का रुपमा गाउँपालिका भित्र का सबै कृषक समूह हरुका प्रतिनिधिमूलक संस्थाका रुपमा एक गाउँपालिका कृषक मूल समितिको गठन गर्न सकिने छ। यसको सञ्चालन कार्यविधि तोकिएबमोजिम हुनेछ।

१५. **कृषि सहकारिमा परिणत हुने:** कृषक समूह गठन पश्चात समूहगत अभ्यासहरुको अनुभवको आधारमा सहकारितामा परिणत हुन चाहेमा प्रचलित कानून अनुसार कृषि सहकारीमा परिणत हुन सक्ने छ। यस्तो अवस्थामा साविक कृषक समूहले गरेका सबै कार्यहरु सोही सहकारी संस्थाबाट गरे सरह मान्य हुनेछ।

१६. **अन्यलाई पनि ज्ञान बुझाउनु पर्ने:** समूह गठन र कृषि प्रविधि अभ्यासको क्रममा पाएको र आफुमा भएको ज्ञान सो सम्बन्धि अभिरुचि राख्ने अन्यलाई पनि बुझाउनु पर्ने छ। समूहले कृषि प्राविधिक र अन्य कृषकहरुको बीचमा सहजिकरणको कार्य पनि गर्न सक्ने छन।

१७. **समूहमा अन्य सामाजिक विषयहरुको सन्दर्भ:** सामाजिक न्यायको सिद्धान्तमा आधारित भई समूह सदस्यहरु नेतृत्व बिकास उन्नत खेती प्रणालीको अवलम्बन, सामुदायिक स्वास्थ्य, शिक्षा, पर्यटन तथा रोजगारी प्रवर्द्धन का अन्य कार्यहरुमा पनि अभिरुचि लिनेछन् र समूह निर्णय अनुसार यस्तो कार्यमा अरुलाई सहयोग समेत गर्नेछन।

१८. **समूह बाहेक पनि कृषि बिकास कार्यक्रमहरु सञ्चालन गर्न सकिने:** गाउँपालिकाबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमहरुको प्रकृति अनुसार कृषक समुह,कृषि सहकारी संस्थाहरु, कृषिमा आधारित गैरसहकारी

संस्थाहरु,गाउँ तथा टोल समितिहरु, निजी ब्यवसायीहरु,कम्पनी लगायत अन्य कुनै पनि सरोकारवालाहरु संस्था तथा निकायहरुसँग सहकार्यमा सञ्चालन गर्न सकिने छ।

१९. पालिका क्षेत्र भित्र क्रियाशील सहकारी संस्थाहरुले कृषि तथा पशु विकास सँग सम्बन्धीत समूह गठन गरी कार्य गरेको अवस्थामा त्यस्ता समुहलाई यस निर्देशिका बमोजिम गठित समुह मानिनेछ।

## परिच्छेद ५
## कृषक समूहको नियमन र पारदर्शिता

१. **वार्षिक लेखा परिक्षण र सार्वजनिक सुनुवाई:** समूहले वार्षिक रुपमा नियमानुसार लेखा परिक्षण गराउनु पर्नेछ। लेखा परिक्षण प्रतिबेदनको एक प्रति कृषि शाखा समेत उपलब्ध गराउनु पर्नेछ।

२. **वार्षिक साधारण सभा:** समूह गठन भई दर्ता भएको एक वर्ष भित्र र प्रत्येक वर्ष वर्षमा समूहले साधारण सभाको आयोजना गर्नु पर्ने छ। साधारण सभामा वार्षिक कार्यक्रमहरुको प्रगति समीक्षा, वार्षिक आयब्ययको विवरण, आउदो वर्षको कार्यक्रमहरुको तर्जुमा लगायत नियमानुसार सम्पादन गर्नु पर्ने कार्यहरु समेत पारित गर्नु पर्ने छ। यसको एक प्रति प्रतिवेदन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

३. **अधिवेशन र विशेष अधिवेशन:** समूहको सर्वोच्च अङ्ग समूहको साधारण सभा हुनेछ। साधारण सभा गर्ने अवधि समूहको विधान बमोजिम निर्धारण हुनेछ। विधानमा समूहले विशेष अधिवेशनको व्यवस्था समेत गर्न सक्नेछ

४. **अन्य संघ संस्थाहरुसँगको समन्वय:** समूहले अनुमति लिई कुनै अन्य संघ संस्थासंगको सहकार्यमा कृषि प्रविधि अनुसन्धान तथा विकास सम्बन्धी कार्यहरु सञ्चालन गर्न सक्नेछन।

५. **समूहको अनुगमन:** यस गाउँपालिकाको अनुगमन व्यवस्था बमोजिम गाउँपालिकाबाट, वडाबाट एवं गाउँपालिकासँगको समन्वयमा नेपाल सरकारका सबै निकायहरुले कृषक समूहका कृयाकलाप एवं समूह का कागजातहरुको अध्ययन, अवलोकन र अनुगमन गरी पृष्ठपोषण गर्न सक्ने छन। प्राप्त पृष्ठपोषणहरु उपर समूह बैठकमा छलफल गरी निर्णय गर्नु पर्नेछ।

## परिच्छेद ६
## विविध

१. **समूह निष्कृयको अवस्था:** लगातार ३ महिनासम्म मासिक बैठक नबसेमा, समूहले कृषि प्रसार कार्यमा अभिरुचि नराखेमा, अन्य विभिन्न कारणहरुले समूह निष्कृय भएको गुनासो प्रमाणित भएमा समूह निष्कृय भएको मानिनेछ। यस्तो अवस्थामा कार्यालयबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमको लागि उक्त समूहसँग साझेदारी गर्न सकिने छैन।

२. **समूह विघटन हुन सक्ने:** पटक पटक समूहको विधान विपरीत कार्य गरेको प्रमाणित भएमा, सरकारी जायजेथा वा रकम हिनामिना वा दूरुपयोग गरेमा, समूह निष्कृय भएमा, समूहको निर्णय अनुसार समूह विघटन गरिएमा, प्रचलित नियम विपरितका कार्यहरु गरेमा स्थानीय टोल विकास संस्था समेत वडा कार्यालयको सिफारिसमा कार्यालयबाट

छानविन गरी समूह विघटन गर्न उचित देखिएमा विघटन गरिनेछ। विघटन पश्चात समूहमा सदस्यहरुबाट जम्मा भएको बचत रकम समूहको अभिलेखको आधारमा साँवा ब्याज वितरण गरिने छ।

३. **संशोधन:** आवश्यकता र औचित्यताको आधारमा गाउँ कार्यपालिकाको निर्णय अनुसार यो कार्यविधि संशोधन गर्न सकिने छ।

४. **खारेजी:** यस कार्यविधिमा उल्लेखित कुराहरु प्रचलित कानून बमोजिम बाझीएमा बाझीएको हदसम्म स्वत: खारेज हुने छन।

५. **यसै कार्यविधि बमोजिम हुने:** यो कार्यविधि लागू हुनु पूर्व दर्ता भएका समूहहरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिने छन।

विहादी गाउँपालिका

## अनुसूचि : १

**(कार्यविधिको बुँदा नं. ३ (४) बमोजिम समूह गठनका लागि कार्यालयमा दिइने निवेदन)**

मिति : २०७....../......./......

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
विहादी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
पर्वत ।

**विषय : समूह दर्ता गरी पाउँ ।**

समूह गठन गरी सामुहिक प्रकृयाद्वारा कृषि विकास कार्यक्रममा सहभागी हुन संलग्न विवरण बमोजिम हामी संगठित भई समूह गठन गरेका छौँ । समूह गठन र परिचालन बारेमा विहादी गाउँपालिकाको नियमावली/मार्गदर्शन/कार्यविधि र प्रचलित कानून अनुसार कार्य गर्ने छौ। समूह दर्ता गरी पाउँ।

**संलग्न कागजातहरु:**

१. समूहको पहिलो बैठकको निर्णय प्रतिलिपि पाना-
२. समूहको विधान पाना-
३. अनुसूचि २ अनुसारको समूह सदस्यहरुको विवरण पाना-
४. अन्य केहि भए सो को विवरण:

सम्बन्धित टोल विकास संस्थाको सिफारिस
समूहको निबेदन अनुसार निम्न समूहलाई विहादी गाउँपालिकामा दर्ता गर्न सिफारिस गरिन्छ ।

सिफारिस गर्नेको नाम:
पद:
दस्तखत:
मिति:

सम्बन्धित वडा कार्यालयको सिफारिस:
समूहको निबेदन अनुसार निम्न समूहलाई विहादी गाउँपालिकामा दर्ता गर्न सिफारिस गरिन्छ ।
सिफारिस गर्नेको नाम:
पद:
दस्तखत:
मिति:
वडा कार्यलयको छाप:

निवेदक:
समूहको नाम:
ठेगाना:
समूह अध्यक्षको नाम:
सम्पर्क फोन नं:
समूहको छाप:
मिति:

पहिलो पेज

**"कृषि, पशु, उर्जा, पर्यटन शिक्षा स्वास्थ्य समृद्ध विहादीको मुख्य पहिचान"**

**विहादी गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

कृषि विकास शाखा

विहादी पर्वत

गण्डकी प्रदेश

दर्ता नं.

मिति:

**कृषक समूह दर्ता प्रमाण पत्र**

कृषि उत्पादन कार्यलाई टेवा पुर्याउने उद्देश्यले मिति.................................... मा गठन भएको विहादी गाउँपालिका वडा नं. ................... स्थित श्री ......................................... समूह यस विहादी गाउँपालिका को कृषक समूह गठन तथा दफा ७ को निर्णय अनुसार समूह गठन अभिलेखमा दर्ता गरी यो प्रमाण पत्र दिईएको छ।

प्रमुख प्रशासकीय अधिकृत

पेज दोस्रो : पछाडि छापिने ।

| **समूह नवीकरणको विवरण** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **नवीकरण** | | **नवीकरण शुल्क** | | | | **फाँटवाला** | **प्रमाणित गर्ने** |
| **मिति** | **मान्य रहने अवधि** | **दस्तुर रु** | **जरिवाना रु** | **जम्मा रु** | **रसिद नं.** | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नोट :

१. यो प्रमाणपत्र समूहको कार्यालयमा सबैले देखिने गरी राख्नु पर्नेछ ।
२. प्रत्येक आ.ब. को समाप्ति पछिको आश्विन महिना भित्र निशुल्क नवीकरण गरी सक्नु पर्ने छ ।
३. तोकिएको समय भित्र नवीकरण नगराएमा रु १००.०० जरिवाना लिइ नवीकरण गर्न सकिने छ ।
४. यो प्रमाणपत्र हराएमा समूहको निर्णय अनुसार माग गरेमा रु १०० जरिवाना लिइ प्रतिलिपि उपलब्ध गराउन सकिने छ।
५. अन्य कुराको हकमा समूहको विधान र प्रचलित ऐन अनुसार हुनेछ ।

विहादी गाउँ

## कृषक समुहका सदस्यहरुको वैयक्तिक विवरण
## विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, पर्वत

कृषक समूहको नाम : समूह गठन मिति :
कृषक समुह स्थित ठेगाना : विहादी गाउँपालिका वडा नं. ...................... टोल ......................
समुहमा सदस्य संख्या जम्मा :
महिला :
पुरुष :
गठित समुहको किसिम : बहुउद्देश्यीय / एकल उद्देश्यीय एकल एद्देश्यीय भए :
मासिक बचतप्रति सदस्य प्रति महिना रु :
समूह सदस्यहरुको विवरण :

| क्र.स. | सदस्यको नाम | समूहमा पद/जिम्मेवारी | सम्पर्क मोवाईल नं. | ठेगाना विहादी गाउँपालिका | | लिङ्ग (महिला / पुरुष) | उमेर (वर्ष) | खेती गरेको जग्गाको क्षेत्रफल (रोपनि-आना-पैसा-दाम) | | | | मौरी घार / ग्रिन हाउस आदि भए सो को संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वडा नं. | टोल | | | सिंचित | सिंचाइको श्रोत | असिंचित | जम्मा जग्गा | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

नोट : समूहका सवै सदस्यहरुबाट प्रमाणित गरी पेश गर्नु पर्ने ।

प्रमाणीकरण मिति :

**आज्ञाले**
**ध्रुव दयाल**
**प्रमुख प्रशासकीय अधिकृत**

विहादी गाउँपालिका